IB DIPLOMA PROGRAMME
PROGRAMME DU DIPLÔME DU BI
PROGRAMA DEL DIPLOMA DEL BI

M06/1/A1NEP/SP1/NEP/TZ0/XX

22060207

**NEPALI A1 – STANDARD LEVEL – PAPER 1**
**NÉPALAIS A1 – NIVEAU MOYEN – ÉPREUVE 1**
**NEPALÉS A1 – NIVEL MEDIO – PRUEBA 1**

Monday 22 May 2006 (morning)
Lundi 22 mai 2006 (matin)
Lunes 22 de mayo de 2006 (mañana)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

---

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Write a commentary on one passage only. It is not compulsory for you to respond directly to the guiding questions provided. However, you may use them if you wish.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- N'ouvrez pas cette épreuve avant d'y être autorisé(e).
- Rédigez un commentaire sur un seul des passages. Le commentaire ne doit pas nécessairement répondre aux questions d'orientation fournies. Vous pouvez toutefois les utiliser si vous le désirez.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un comentario sobre un solo fragmento. No es obligatorio responder directamente a las preguntas que se ofrecen a modo de guía. Sin embargo, puede usarlas si lo desea.

*तल दिइएका कविता अथवा निबन्धको टिप्पणी लेख्नुहोस् :*

१.(क)

मलाई मेरो हराएको देश देऊ
जहाँबाट मैले निर्धकतापूर्वक
कुनै कुरामा पनि बोल्न सकूँ
ती दासहरूका विषयमा बोल्न सकूँ
ती उदासहरूका विषयमा बोल्न सकूँ
मलाई मेरो हराएको देश देऊ
जहाँ मेरी आमाले मलाई जन्माएर
आँखा दिएकी थिइन्
र याद छ त्यो आँखा
यतै कतै कसैले लुकाएर राखेको छ
मलाई तेल दलिदिँदै तातो तातो रापमा
मेरी आमाले भनेकी थिइन् कि
बाबु उज्यालो
तिम्रै अनुहारबाट उज्यालिन्छ
मलाई मेरो त्यो उज्यालो देऊ
मलाई मेरो त्यो अँध्यारो देऊ
(जसलाई म कुनै बखत पनि धपाउन सक्छु)
मेरा ती हातखुट्टा खै !
कता बेचिए मेरा ती हातखुट्टाहरू
(म सुन्दैछु मलाया हङकङ
सिङ्गापुर र हिन्दुस्तानमा
मेरा हातखुट्टा निर्यात हुन्छन्)
मलाई मेरा ती हातखुट्टाहरू देऊ
कि म मेरो धरती जोत्न सकूँ
मलाई मेरो हराएको देश देऊ ।

तीर्थ श्रेष्ठ, "मलाई मेरो हराएको देश देऊ" तीर्थ श्रेष्ठका कविताहरू, पोखरा : पोखरेली युवा सांस्कृतिक परिवार २०५५) पृ.५८

यस कविताको मुख्य सार के हो ?

यस कविताका प्रयोग भएको शैलीलाई के-कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

यस कविताका बारेमा तपाईंका व्यक्तिगत प्रतिक्रियाहरू के-के हुन् ?

१.(ख)

सात अरबभन्दा बढी मान्छे बोक्ने पृथ्वीका पिठ्युँमा कहाँ के हुन्छ ? कहाँ के हुँदैन के भन्न सकिन्छ र ? आफ्नो नुन र धूनमा मस्त दिन काट्दै गरेको मान्छे जति सबल छ त्यति दुर्बल छ , जति सचेत छ त्यति नै अचेत छ जति औचित्यपूर्ण छ, त्यति नै अनौचित्यपूर्ण र जति सज्जन छ त्यति नै मूर्ख छ । साधन सम्पन्न मान्छे साधना सम्पन्न छैन । धर्मको सन्देश प्रचार गर्ने मान्छे कर्म गर्न डराउँदो छ । मान्छे मान्छेका बीच सहसम्बन्ध हराउँदैछ । मान्छे मान्छेका बीच तनावको गहिरो खाडल छ । वाद र सिद्धान्तको बैसाखी टेकेर उच्च प्रतिष्ठा प्राप्तिको दौडमा प्रतियोगी बन्दै मान्छे जेब्राक्रसिङ्मा पुगेर ठिङ्ग ठडिएको अवस्थामा छ । सुन्दर बिहानीको आगमन पर्खंदो जिन्दगीलाई मान्छेले अति कष्ट दिइरहेको छ तर उसको सुन्दर बिहानी यही पारा र कर्मले कहिल्यै पनि नआउने निश्चित छ । विस्तारै आफ्ना संस्कारलाई पर सार्दै गएको मान्छे आधुनिकताको जाँतोमा कति पिसिएको छ त्यो स्वयंलाई थाहा छैन । आध्यात्मिक चेतना उसबाट लोप हुँदैछ र भौतिक चेतना उसमा बढ्दो छ । त्यसैले मान्छेले मान्छेलाई चिन्दैन । मान्छेले मान्छेलाई टेर्दैन । मार्कण्डेय, वलि, व्यास, कृपा, परासर, बुद्ध, शिव, रामचन्द्र, अर्जुन, कृष्ण, परशुराम र गान्धी जस्ता हिजोका मान्छेको कर्म नगरी आजको मान्छे हिजोको मान्छे बन्ने अभिनय गर्छ । स्याबास मान्छे ! हिजो तैंले पृथ्वी सज्जका निम्ति अथक प्रयत्न गरिस्, ब्रह्माजीको सृष्टिको मर्म बुझेर आफ्नो चैतन्यको उच्च प्रदर्शन गरिस् र आज पनि बाँचिरहेकै छस् । धिक्कार मान्छे ! आज तैंले आफ्नो इतिहास बिर्सिइस्, भाइबन्धुप्रतिको आदर्श प्रेम र सृष्टिप्रतिको धर्म बिर्सिइस्, आजलाई दुखाइस् र भोलिलाई रुवाइस् ।

उन्माद, हतास र प्रतिशोधले थिचिएर हिंसाको अभियानमा सक्रिय बन्न तेरो मन अझै सक्रिय छ । म देखिरहेको छु तँ अन्धकारको पराकाष्ठामा पुगिसकेको छस् ।

माधव वियोगी, “मान्छेका करा” अनुभूतिका उच्छ्लन (काठमाडौं : भुँडीपुराण प्रकाशन २०६१) पृ. १३ ।

निबन्धको उक्त उद्धरणले के सन्देश दिएको छ ?

निबन्धको उक्त उद्धरणमा कस्तो शैलीको प्रयोग गरिएको छ ?

निबन्धको उक्त उद्धरण पढिसकेपछि तपाईंको व्यक्तिगत प्रतिक्रिया के हो ?